**REGIONAL NEWS UNIT**
**ALL INDIA RADIO GANGTOK**
**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40 hrs** **Date: 15.01.2025**

**Sikkim Government-Extended Leave Benefits: Social Media**

सिक्किम सरकारले महिला कर्मचारीहरूका लागि मातृत्व र बाल हेरचाह बिदा नीतिहरूमा महत्वपूर्ण अपडेटहरू गरेर थप लाभहरू प्रदान गरेको छ। कार्मिक विभागबाट जारी हालैको सूचनामा यी परिवर्तनहरू प्रकाश पारिएका छन्, जसको उद्देश्य कार्यबलमा महिलाहरूलाई थप सहयोग प्रदान गर्नु हो। नयाँ नियमअनुसार महिला सरकारी कर्मचारीले १८० दिन अर्थात् छ महिना तलबी सुत्केरी बिदा पाउनेछन्। यसमध्ये, बच्चा जन्माउनुअघि 60 दिनसम्म बिदा प्रयोग गर्न सकिन्छ, जसले महिलाहरूलाई आफ्नो स्वास्थ्य व्यवस्थापन गर्न र बच्चाको आगमनका लागि तयारी गर्न थप सुविधा हुनेछ। सरकारले सुत्केरी बिदाको अतिरिक्त १८ वर्षमुनिका बालबालिका भएका महिलाका लागि बाल हेरचाह बिदा थप गरेको छ। महिला कर्मचारीहरूले अब आफ्ना छोराछोरीको हेरचाह गर्न, चाहे त्यो शैक्षिक उद्देश्यका लागि होस् वा बिरामी वा अन्य हेरचाह आवश्यकताका लागि होस्, 180 दिनसम्म तलबी बिदा लिन सक्छन्। अपडेट गरिएको नीतिका मुख्य फाइदाहरूमध्ये एउटा हो, बाल हेरचाह बिदामा रहेका कर्मचारीहरूले उनीहरूको पूरा तलब पाइरहनेछन्। यस अवधिमा उनीहरूको बिदामा कुनै कटौती गरिनेछैन। त्यसबाहेक, कर्मचारी आमाहरूलाई थप सुविधा प्रदान गर्दै, बच्चा १८ वर्ष नपुगेसम्म तीन छुट्टाछुट्टै अन्तरालमा बिदा लिन सकिने प्रबन्ध गरिएको छ।

**CM's Janta Bhet: IPR**

मुख्यमन्त्रीको आगामी जनताभेट कार्यक्रमको प्रारम्भिक बैठक आज पाकिमको रुर्बन भवनमा सम्पन्न भयो। यो तीनदिने कार्यक्रम फेब्रुअरी 23 देखि फेब्रुअरी 25 सम्म रिनाक निर्वाचन क्षेत्रमा हुने तय गरिएको छ। भेलामा मुख्यमन्त्रीका सल्लाहकार विष्णुकुमार खतिवडाले कार्य-प्रक्रियालाई तीव्रता दिनुपर्नेमा जोड दिनुभयो र कार्यक्रमलाई सफल बनाउन विभागहरूबीच सहकार्य गर्न प्रोत्साहित गर्नुभयो। त्यसैगरी, मुख्यमन्त्रीका गोपनीय सहायक उर्गेन लेप्चाले विभिन्न स्थानमा भइरहेको तयारीबारे जानकारी दिँदै, सवारी साधनको आवागमन र पार्किङ व्यवस्थाबारे जानकारी गराउनुभयो। पाकिमका अतिरिक्ति जिल्लापाल साङ्गे ग्याछो भोटियाले कार्यक्रममा विभागलाई आफ्नो कार्यालयले लागू गर्ने कार्यगत पक्ष र योजनाहरूबारे अपडेट रहन आग्रह गर्नुभयो। साथै, उहाँले विभागीय प्रतिनिधिहरूलाई कार्यक्रमका सम्बन्धमा आफ्नो कार्यालयले सञ्चालन गर्ने कार्य र कार्यक्रमहरूबारे जानकारी गराउन आग्रह गर्नुभयो। बैठकमा सभास्थलको व्यवस्थापन, विद्युत आपूर्ति, शौचालयको सुविधा, भीड व्यवस्थापन, पार्किङको व्यवस्थालगायत विषयमा पनि छलफल भयो।

**The Sikkim Blue Duke Festival: IPR**

सिक्किम ब्लू ड्यूक फेस्टिभल २०२५ आज दोस्रो दिन पनि सरम्सा गार्डेन, रानीपुलमा जारी रह्यो। हिजो सुरु भएको यो महोत्सव भोली समापन हुनेछ। यो महोत्सव लोकसभा सांसद इन्द्र हाङ सुब्बाको कार्यालयको पहलमा र सिक्किम सरकारको पर्यटन विभागको सहयोगमा आयोजित भइरहेको छ। महोत्सवको मुख्य विशेषता नै आर्टिफिसियल इन्टेलिजेन्स, रोबोटिक्स, ड्रोन प्रविधि, पाक कला, साहित्य र संगीतलगायत उदीयमान प्रविधिहरूमा केन्द्रित हुनु हो, जसले विद्यार्थी, प्रविधि जिज्ञासु र संस्कृति प्रेमीहरूलाई उच्च अनुभवका लागि एकसाथ ल्याउनेछ। यस उत्सवले सिक्किमको राज्य पुतली ब्लू ड्यूक बटरफ्लाइबाट प्रेरणा लिएर युवा मनको आकाङ्क्षारूपी परिवर्तन, वृद्धि र असीम सम्भावनाको प्रतीकका रूपमा कार्य गर्दछ।

**Tsomgo Lake-IMD: Dilliram Dulal**

भारतीय मौसम विज्ञान विभागले मौसम सतर्कता जारी गर्दै, सिक्किममा भारी हिमपातको चेतावनी दिएको छ, जसका कारण छाङ्गु झील र नाथुला पास बन्द गरिएको छ। नतिजास्वरूप, यस क्षेत्रका लागि सबै यात्रा अनुमति रद्द गरिएको छ, र पर्यटकहरूलाई आफ्नो योजना पुनः मिलाउन सल्लाह दिइएको छ। सम्बन्धित अधिकारीहरूले स्थितिको अनुगमन गरिरहेका छन् र थप अपडेट मौसम स्थितिका आधारमा दिइनेछ। मौसम विज्ञान विभागले पूर्वोत्तरमा हल्कादेखि मध्यम वर्षा हुने, उप-हिमालय क्षेत्र पश्चिम बंगाल र सिक्किममा बाक्लो कुहिरो लाग्ने र हिमाचल प्रदेशको पृथक क्षेत्रहरूमा शीतलहर हुने पनि पूर्वानुमान गरेको छ। यात्रुहरूलाई मौसम स्थितिबारे अपडेट रहन र कुनै पनि यात्रा योजना बनाउनुअघि आधिकारिक सल्लाहहरू पालना गर्न आग्रह गरिएको छ।

**Weather: M.O Gangtok**

स्थानीय मौसम विज्ञान विभागले दिएको रिपोर्टअनुसार बितेको चौबिस घण्टामा गान्तोक र वरपर क्षेत्रका अधिकतम तापमन 7.5 डिग्री सेल्सियस र न्यूनतम तापमन 6 डिग्री सेल्सियस रेकर्ड गरियो। विभागले भोलि अधिकतम तापमान 9 डिग्री सेल्सियस र न्यूनतम तापमान 6 डिग्री सेल्यिस रहने पूर्वानुमान गरेको छ।